जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ४२ २०७८ साल भदौ १९ गते शनिबार (4 Sep. 2021 Saturday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : कोभ-२ र हैजाविरुद्धको ... ३ पृष्ठमा : राजमार्गमा गहिरो खल्डाखुल्डी, ... ३ पृष्ठमा श्रीलङ्कामा खाद्यान्नको ...

# आइतबारदेखी राजविराजका सबै विद्यालय खुल्ने

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौं ।**

विगत लामो समयदेखी बन्द रहेका राजविराजका सम्पूर्ण संस्थागत तथा नीजि विद्यालयहरु भदौं २० गते आइतबारदेखी खुल्ने भएका छन् ।

राजविराज नगर शिक्षा समितिको शुक्रबार सम्पन्न बैठकले सो निर्णय गरेको नगरपालिकाका शिक्षा शाखा अधिकृत भोगेन्द्र प्रसाद यादवद्वारा प्रेसित विज्ञप्तिमा उल्लेख छ ।

जिल्ला संकट व्यवस्थापन केन्द्र सप्तरीको बुधबार सम्पन्न बैठकले समेत विद्यालय खोल्ने निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ ।


राजविराज नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
प्रदेश नं. २

प०सं०२०७८।०७९
च०नं० ९८
मिति:२०७८।०५।१८

विषय: विद्यालय पुर्नसंचालन सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक एवम् संस्थागत विद्यालयहरु
राजविराज नगरपालिका ।

उपर्युक्त सम्बन्धमा जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०५।१६ एवम् नगर शिक्षा समितिको मिति २०७८।०५।१८ गतेको निर्णय अनुसार COVID 19 विरुद्धको स्वास्थ्य सुरक्षा सम्बन्धी सम्पूर्ण मापदण्डहरु पूरा गरी प्रत्येक तहमा उपल्लो कक्षाहरु (मा०वि०तहका कक्षा १२, ११, १०, ९ त्यसै गरी नि०मा०वि० तहका कक्षा ८, ७, ६ एवम् प्रा०वि० तहका कक्षाहरु ५, ४, ३ ) विद्यार्थी संख्याको आधारमा फरक फरक सिफ्टमा मिति २०७८।०५।२० गते आइतवारबाट संचालन गर्न गराउन हुन सम्बन्धित सवैको जानकारीको लागि अनुरोध गरिन्छ ।

भोगेन्द्र प्रसाद यादव
(शाखा अधिकृत)

कोभिड १९ बिरुद्धको स्वास्थ्य सुरक्षा सम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरि प्रत्येक तहमा उपल्लो कक्षा ९ देखी १२, निमाबि तहका कक्षा ६ देखी ८ तथा प्राबि तहका कक्षा ३ देखी ५ सम्म विद्यार्थी संख्याको आधारमा फरक फरक सिफ्टमा संचालन गर्न विज्ञप्तिमा जनाइएको छ ।

यसअघि साउन १५ गतेदेखी नै जिल्लाको सुरुङ्गा नगरपालिकास्थित सम्पूर्ण विद्यालयमा पठनपाठन सूचारु भइसकेको छ ।

# बलान नदीले कटान गर्न थालेपछि स्थानीयवासीमा चिन्ता

लहान, १८ भदौ (रासस) ।

बलान नदीले सिरहातर्फ बहाव परिवर्तन गरी जग्गा कटान गर्न थालेपछि स्थानीयवासीमा त्रास बढेको छ ।

वर्षासँगै आएको बाढीले पानीको बहाव परिवर्तन गरी लहान नगरपालिकाको विभिन्न स्थान र सखुवानन्कारकट्टी गाउँपालिका-४ सिमरहातर्फ कटान गर्न थालेपछि स्थानीयवासीमा त्रास बढेको हो । बलान नदीको बहाव परिवर्तन गरी पश्चिमबाट बग्ने खतरा बढेपछि पश्चिमतर्फका दर्जनौं गाउँ डुबानमा पर्ने भन्दै स्थानीयवासी त्रसित बनेका हुन् । अविरल वर्षाले बलान नदीमा बाढीको चाप बढेर पानीको बहाव बढेकाले खतराको सम्भावना बढ्दै गएको सखुवानन्कारकट्टी गाउँपालिका-४ सिमरहाका सुरेश यादवले बताउनुभयो ।

बाढीको चाप यस्तै रहयो भने पश्चिमतर्फबाट बग्न धेरै समय नलाग्ने र नदीको मुखैमा रहेको सिमराहा, सखुवा, पोर्ताहा, परिहारपुर तिलेबोनालगायत गाउँ डुबानमा पर्ने जोखिमका कारण रातिमा जग्राम बस्नुपरेको स्थानीयवासीको भनाइ छ । तत्काल नदीको बहाव दक्षिणतर्फ गर्ने गरी वैकल्पिक व्यवस्था गर्न उनीहरूले माग गरेका छन् ।

बलान नदीले कटान गर्ने समस्या विगत लामो समयदेखि रहे पनि सङ्घीय र प्रदेश सरकारबाट समाधानको लागि कुनै पहल नहुँदा यस्तो अवस्था आएको

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १३ वर्ष देखी संचालन हुदै आएको
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०७८ भदौ १८ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"
न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा
सिभिल इन्जिनियरिङ्ग
जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

फारम भर्ने मिति
२०७८/०४/३१ देखि
२०७८/०५/१८ सम्म

राजविराज पोलिटेक्निक इन्स्टिच्युट
राजविराज-३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

## सम्पादकीय

# सबैले जिम्मेवारीपूवर्क भूमिका निर्वाह गर्नुपर्छ

कोभिड १९ को महामारीका कारण लामो समयदेखी बन्द रहेका विद्यालयहरु खुल्ने भएका छन् । स्थानिय पालिकाको निर्णय पश्चात् पाँच महिनादेखी बन्द रहेका ती विद्यालयहरु खोलिने भएका छन् । कोरोनाको जोखिम अझै कायमै रहेपनि स्वास्थ्य मापदण्ड अपनाएर बालबालिकाहरु पठनपाठन गर्न विद्यालयहरु पुग्नेछन् । यसरी महामारीको जोखिमका बीच र लामो समयको विद्यालय खोलिएको परिस्थितिबीच बालबालिकाहरुको आत्मविश्वास बढाउनेप्रति सम्बन्धी विद्यालयले सोच्नु पर्ने हुन्छ ।

लामो समयपछि विद्यालय आउने बालबालिकाको बानीमा परिवर्तन तथा पढाई सिकाई कतिको निरन्तर छ भन्ने कुरामा शिक्षकहरुले गम्भिरतापूर्वक ध्यान दिनुपर्ने चुनौती समेत थपिएको छ । यस्तो अवस्थामा उनीहरुको हाउभाउ तथा पढाईप्रतिको रुचीको समेत अवमुल्यन गर्नु पर्छ । अनिमात्र नियमित पढाईलाई निरन्तरता दिनुपर्छ ।

लामो समयपछि खुल्ने विद्यालयका शिक्षकहरुको जिम्मेवारी थपिएको छ । बालबालिकाहरुलाई पुरानै पढाईको लाइनमा ल्याउन पक्कै पनि केही समय लाग्ने छ भने नियमित विद्यालय आउने बानी समेत छुटेकाले त्यसप्रति सबै जिम्मेवारीपूवर्क भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । तसर्थ विद्यालय मात्र संचालन गरेर बालबालिकाको पढाईमा निरन्तरता आउँदैन् त्यसका लागि सबैले महामारीबाट बच्न र बचाउन तथा नियमित पढाईको वातावरण निर्माण गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभ-२ र हैजाविरुद्धको खोपको 'क्लिनिकल ट्रायल'

काठमाडौँ, १८ भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्स कोभ-२ र हैजा रोग विरुद्धको खोपको 'क्लिनिकल ट्रायल' लाई सुरुआत गर्ने भएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले ती रोगका क्रमशः 'एमआरएनए' र 'कोलेरा' खोपको 'क्लिनिकल ट्रायल' सुरु गर्न लागेको हो ।

यही भदौ १० गते मन्त्रिपरिषद्को बैठकले ती रोगविरुद्धको खोपका लागि 'क्लिनिकल ट्रायल' गर्न अनुमति दिने निर्णय गरेको थियो । परिषद्का कार्यकारी निर्देशक डा प्रदीप ज्ञवालीले दुवै खोपको परीक्षण दुई हप्ताभित्र सुरु गरिने जानकारी दिनुभयो । उहाँले कोभ-२ विरुद्धको 'एमआरएनए' परिषद्ले धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा देउराली जनता फार्मास्युटिकल्ससँगको सहकार्यमा र हैजाको 'कोलेरा' को परीक्षण बीपीसहित, धुलिखेल अस्पताल, कान्ति बाल अस्पताल र नेपालगञ्ज मेडिकल कलेज नेपालगञ्जमा गर्ने बताउनुभयो ।

खोप उत्पादक कम्पनीले खोप 'एमआरएनए' पहिलो र दोस्रो चरणको सफल परीक्षणपछि नेपालमा तेस्रो चरणको परीक्षण गर्न थालिएको हो । चीनको वालभ्याक्स कम्पनीले उत्पादन गरेको कोरोनाविरुद्धको 'एमआरएन' खोप नेपालमा परीक्षण गर्न थालिएको उहाँले बताउनुभयो ।

उक्त कम्पनीले २८ हजार जनामा परीक्षण गर्ने र नेपालमा तीन हजार जनामा परीक्षण गर्ने उहाँले जानकारी दिनुभयो । सोही अनुसार तेस्रो क्लिनिकल ट्रायल बीपी प्रतिष्ठान धरान हुनेछ ।

खोपको परीक्षण गर्नु अगाडि प्रयोगशाला र जनावरमा गरिन्छ । मानिसमा पहिलो र दोस्रो चरणको परीक्षण गर्दा थोरै जनसङ्ख्यामा गरिन्छ । "खोप परीक्षण गर्दा धेरैमा कति सुरक्षित छ भन्ने हेरिन्छ," कार्यकारी निर्देशक डा ज्ञवालीले भन्नुभयो, "तेस्रो चरणमा परीक्षणमा धेरै सुरक्षित भए मात्र खोप लगाउन अनुमति दिइन्छ ।" परीक्षणका क्रममा खोपको सुरक्षा, प्रभावकारिता र कुन उमेर समूहका व्यक्तिलाई बढी प्रभावकारी हुन्छ भनेर पनि अध्ययन गरिन्छ । उहाँले परीक्षण गर्दा कुनै व्यक्तिमा कुनै समस्या परे त्यसको सम्पूर्ण जिम्मा खोप उत्पादक कम्पनीले लिने गर्ने बताउनुभयो ।

"परीक्षणका क्रममा खोप दिएकाहरूमा कुनै पनि असर देखिए उत्पादन कम्पनीले नै सम्पूर्ण जिम्मा लिने गरिन्छ," उहाँले भन्नुभयो, "कसैलाई जबर्जस्ती वा गुपचुप कसैलाई पनि खोप परीक्षण गरिँदैन ।"

परीक्षणका लागि चीनबाट खोप अझै आइसकेको छैन । परिषद्ले सुनसरी जिल्लाका स्थानीयवासीमा परीक्षण गर्ने जनाएको छ । अहिले नेपालमा प्रयोग गरिएका खोप कोभिसिल्ड, भेरोसेल, जोन्सन एन्ड जोन्सन र एस्ट्राजेनिका खोप बाहिरी मुलुकमा नै परीक्षण गरिएका हुन् । नेपालमा परीक्षण गर्दा नेपालीको वंशाणुगत गुणअनुसार कति प्रभावकारी हुन्छ भन्ने थाहा हुने परिषद्का कार्यकारी निर्देशक डा ज्ञवालीले जानकारी दिनुभयो ।

साथै नेपालमा परीक्षण हुँदा कम्पनीले नेपाललाई सहुलियतमा प्राथमिकताका साथ खोप पनि उपलब्ध गराउने सहमति भएको छ । "परीक्षण भएपछि त्यो खोप सबभन्दा पहिलो हामीले पाउँछौँ," उहाँले भन्नुभयो, "हामीले खोप नदिईकन कम्पनीले अन्य देशलाई बेच्न पाउँदैन । हामी समयमा र उत्पादनमा लागेको खर्च मात्र दिएर खोप पाउन सक्छौँ ।"

परिषद्की अनुसन्धान अधिकृत नमिता घिमिरेले हैजाविरुद्धको खोप 'कोलेरा' १ देखि ४० वर्ष उमेर समूहका करिब दुई हजार पाँच सय व्यक्तिमा गरिने जानकारी दिनुभयो । हैजाविरुद्धको खोप कोरियन उत्पादक कम्पनीको सहयोगमा परीक्षण गरिन थालेको हो । कोलेरा खोप दुई हप्ताको बीचमा दुईपटक लगाउनुपर्ने हुन्छ ।

औषधि व्यवस्था विभागमा उक्त कम्पनीले आपत्कालीन प्रयोगका लागि 'एमआरएन' खोपको अनुमति अझै माग गरेको छैन । सूचना अधिकारी सन्तोष केसीले कम्पनीले परीक्षण प्रयोगका लागि अनुमति माग नगरेको बताउनुभयो । "मन्त्रिपरिषद् र स्वास्थ्य परिषद्ले ट्रायलका लागि अनुमति प्रदान गरिसकेको छ," उहाँले भन्नुभयो, "हामीसँग कम्पनीले अझै अनुमति मागेको छैन । माग्न आएको खण्डमा हामीले तुरुन्तै अनुमति दिन्छौँ ।" विभागले 'एमआरएन' खोप परीक्षणको अनुमति दिएपछि मात्र परीक्षण गरिनेछ ।

उहाँका अनुसार अहिलेसम्म विभागले कोभिड-१९ आपत्कालीन प्रयोगका लागि भारतबाट उत्पादिक खोप कोभिसिल्ड र कोभ्याक्सिन, चीनबाट सिनोफार्मको कम्पनीको भेरोसेल र सिनोभ्याक्स, रसियन कम्पनी स्पुतनिक 'भी'र अमेरिकन खोप जोन्सन एन्ड जोन्सनलाई अनुमति प्रदान गरेको छ । नेपालमा अहिलेसम्म एक करोडभन्दा बढीले खोप लगाइसकेका छन् ।

# देशभर कांग्रेस वडा अधिवेशनको चहलपहल

काठमाडौँ, १८ भदौ (रासस) ।

नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत शुक्रबारदेखि गाउँ/नगर वडा अधिवेशन प्रारम्भ भएको छ । कांग्रेस क्रियाशील सदस्यता नामावली प्रकाशित भइसकेका ५६ जिल्लामध्ये अधिकांश जिल्लामा शुक्रबार वडा अधिवेशन सुरु भएको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ ।

कांग्रेसको प्रारम्भिक तहको वडा अधिवेशनमा पार्टीका नेताकार्यकर्ता आफ्ना जिल्ला तथा वडामा चुनावी माहोलमा केन्द्रित भएका छन् । कतिपय वडाहरूमा सहमतिका साथ वडाको नेतृत्व चयन गरिएको छ भने कतिपय वडाहरूमा निर्वाचन प्रक्रिया भइरहेको समितिले जनाएको छ तर कति वडाहरूमा शुक्रबार निर्वाचन सम्पन्न भयो भन्ने तथ्याङ्क साँझसम्म मात्र उपलब्ध हुनेछ ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले क्रियाशील सदस्यता नामावली प्रकाशन हुन बाँकी २१ जिल्लाको नामावली पनि क्रमशः प्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै वडाको अधिवेशन सम्पन्न हुने जानकारी दिनुभयो ।

करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफ्नो वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन् । वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुईगरी सात पदाधिकारी निर्वाचित गर्ने कांग्रेसको विधानमा व्यवस्था छ । यसबाहेक मतदाता सङ्ख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् ।

मुलुकभरका सबै छ हजार सात सय ४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार दुई सय एक पदाधिकारी र सदस्य एक लाख २१ हजार ६ सय ८१ निर्वाचित हुने समितिका संयोजक महादेवप्रसाद यादवले जानकारी दिनुभयो । यसबाहेक मनोनीत हुनेको सङ्ख्या थप रहेको छ । त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार पाँच सय ७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् ।

महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन शुक्रबार भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ ।

यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १०, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ ।

मुलुक सङ्घीय संरचनामा गइसकेपछि पार्टीको तल्लो तहसम्म निर्वाचनमार्फत आन्तरिक प्रजातन्त्रको अभ्यास गर्ने कांग्रेस पहिलो पार्टी बनेको छ । यसअघि कांग्रेसको १३औँ महाधिवशेन २०७२ साल फागुनमा सम्पन्न भएको थियो ।

# पाँच महिनापछि पशुपतिनाथ मन्दिर खोल्ने तयारी

काठमाडौँ, १८ भदौ (रासस) ।

पाँच महिनादेखि बन्द रहेको पशुपतिनाथ मन्दिर खोल्ने तयारी सुरु गरिएको छ । हरितालिका (तीज)को आसपासदेखि नै मन्दिर खोल्ने तयारी भएको जनाइएको छ ।

मन्दिर खोल्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौँसँग पनि परामर्श गरिएको पशुपति क्षेत्र विकास कोषका प्रशासकीय अधिकृत रेवतीरमण अधिकारीले जानकारी दिनुभयो । नयाँ भेरियन्टसहितको कोरोनाको जोखिम बढ्दै गएपछि गत वैशाख पहिलो सातादेखि पशुपतिनाथको मूल मन्दिरलगायत देवालय शिवालय एवं गुह्येश्वरीलगायत शक्तिपीठ भक्तजनका लागि बन्द गरिएको थियो ।

कोरोनाको जोखिम कम हुँदै गएपछि नेपाली महिलाको महान् चाड हरितालिका (तीज)को अवसर पारेर त्यसको आसपासमै मन्दिर खुला गर्ने तयारी भएको हो । कोषको शुक्रबार बस्ने आन्तरिक बैठकले तीजअघि वा पछि मन्दिर खोल्ने निर्णय गर्ने पनि उहाँले बताउनुभयो ।

पशुपतिनाथसँगै पशुपति क्षेत्रका गुह्येश्वरीलगायत मन्दिर पनि बन्द छन् । पशुपतिसँगै यी मन्दिर पनि खुला गर्ने तयारी गरिएको कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले राससलाई जानकारी दिनुभयो । यसपटक पाँच महिनापछि पशुपतिनाथलगायत यस क्षेत्रका मन्दिर भक्तजनका लागि खुला गर्न लागिएको हो ।

भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर पशुपति क्षेत्र खुला गर्न लागिएको उहाँले सुनाउनुभयो । मन्दिर खुला गरिएपछि पशुपति क्षेत्र प्रवेश गर्ने भक्तजनले अनिवार्यरूपमा मास्क लगाउनुपर्नेछ । भक्तजनलाई स्यानिटाइजरको पनि व्यवस्था गरिनेछ । दूरी कायम गरी भक्तजनलाई मूल मन्दिरभित्र प्रवेश गराउने तयारी गरिएको छ ।

विसं २०७६ चैतमा कोरोना महामारी नेपालमा पनि देखिन थालेपछि पशुपतिनाथ मन्दिर भक्तजनका लागि बन्द गरिएको थियो । दश महिनापछि २०७७ साल पुस १ गतेदेखि भक्तजनका लागि मन्दिर खुला गरिएको थियो । सुरुमा दूरी कायम गरेर स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर मन्दिर खुला गरिएको थियो । बिहान ६:०० देखि अपराह्न २:०० बजेसम्ममात्र मन्दिर भक्तजनका लागि खुला गरिएको थियो ।

*बाँकी तीन पृष्ठमा*

# राजमार्गमा गहिरो खल्डाखुल्डी, चालकलाई सास्ती

राजविराज, १८ भदौ (रासस) ।

सप्तरीस्थित पूर्व-पश्चिम राजमार्गका खाल्डो महिनौँदेखि नपुरिँदा दुर्घटनाको उच्च जोखिम बढेको छ ।

राजमार्गमा अधिकांश दुर्घटना खाल्डो छल्ने क्रममा भइरहेको बताइएको छ। गहिरो खाल्डोले दैनिक केही न केही ठाउँमा सवारी दुर्घटना हुने गरेको देखिन्छ । निरन्तरको वर्षाले राजमार्गका कालोपत्र समेत भत्किएको छ । बर्सेनि टालटुलका भरमा चल्दै आएको राजमार्ग हरेक वर्ष वर्षाका समयमा गहिरो खाडल बन्दा सडकमा सवारी चलाउन समस्या हुने गरेको चालक बताउँछन् ।

राजमार्गमा खाडल भएकै कारण सानासाना गाडी चलाउन समेत समस्या भएको छ । वर्षाले कंचनरुप नगरपालिकास्थित बरमझीया, हनुमाननगर कङ्कालिनी नगरपालिकाको वडा नं ३ पोर्ताहा तथा वडा नं १ भारदहमा पक्की सडक विभिन्न ठाउँमा भत्किएको छ ।

हनुमाननगर कङ्कालिनी नगरपालिकाको पोर्ताहा बजरङ्गबली मन्दिरदेखि बजार चोकसम्म करिब पाँच/छ स्थानबीच सडक नै भासिएर भत्किएका छन् । उक्त ठाउँमा करिब दुई फिट गहिरो खाल्टो बनेको सडकमा दैनिक रातिका समयमा चल्ने सवारीसाधन दुर्घटना हुने गरेको छ । छ/सात महिना सो ठाउँमा सडक मर्मतसम्भार गरे पनि कमजोर वा गुणस्तरहीन कार्य गर्नाले वर्ष नलाग्दै पुनःभत्किएको जनगुनासो छ ।

भारदह बजारस्थित रहेको शहीद चोकको गोलम्बरदेखि पूर्वपट्टि भागमा सडक भत्किएर ठाउँठाउँमा खाल्डो परेको छ । सो राजमार्गमा जाने सवारीसाधनलाई मोडन घुमाउन अप्ठ्यारो हुने गरेको ट्रक चालक किरपानन्द यादवले बताउनुभयो ।

उहाँ भन्नुभयो, “पश्चिमबाट पूर्व जाने भारदह बजारमा ठूलो खाल्डो नपुरेका कारण दुई महिनादेखि एकतर्फबाट सवारी सञ्चालन भइरहेको छ । बजार क्षेत्रमा सवारीसाधनका लागि दुईतर्फ बनाइएको सडकमध्ये एकतर्फमा जीर्ण सडक भएका कारण अहिले ठूलो खाल्डो बनेको छ ।”

सो ठाउँमा एकतर्फबाट मात्र सवारी चलिरहेका कारण झन सवारी दुर्घटनाको जोखिम रहेको ट्रक चालक यादवको भनाइ छ । उक्त ठाउँमा माटोसमेत नदिएको खाल्डोमा पानी जमेपछि सो सडक भएर जाने गाडी पल्टीने गरेको स्थानीयवासीले जनाएको छ ।

यस्तै अवस्था छ- जिल्लाको बरमझिया सडकको । विभिन्न नाका भन्सारबाट समान लोड गरेर ट्रकमा ल्याउन समस्या भइरहेको ट्रक चालक हरि मण्डलले गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “महत्वपूर्ण समान ट्रकमा हामी ल्याउँछौँ खाल्डाखुल्डी रहेको सडक निरपुग्दा दुर्घटनामा पर्न सकिन्छ कि डर हुन्छ ।” कतिपय मोटरसाइकल चालक त खाल्डोमै लड्ने गरेका छन्, कतिपयले खाल्डो छल्न खोज्दा अर्को गाडीमा ठोक्किन आइपुग्छन्”, उहाँले भन्नुभयो, “खाल्डोले टायरमा कट लाग्ने र दुर्घटनाको जोखिम भने उत्तिकै छ।”

कंचनपुरदेखि भारदहसम्मको बाटोमा वर्षाले जीर्ण सडकमा ठूला खाल्डा भएकाले सवारीसाधन सञ्चालनमा समस्या भइरहेको चालकको गुनासो छ। राजमार्गमा खाल्डैखाल्डा बने पनि सम्बन्धित निकायले चासो नदिएको चालक र बसका यात्रुले गुनासो गरेका छन् । भत्किएको सडकमा दुर्घटनासँगै टायर कट लाग्ने, पट्टा भाँचिनेजस्ता समस्या रहेको जनाइएको छ ।

खाल्डाखुल्डीका कारण मोटरसाइकल, टेम्पु, जीप, कारलगायतका साना सवारीसाधन दुर्घटनामा पर्नेक्रम बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय शम्भुनाथले जनाएको छ। असार अन्तिमदेखि भइरहेको लगातार वर्षाका कारण पूर्व-पश्चिम राजमार्गका अधिकांश स्थानमा खाल्डो परेको र तीव्र गतिमा चलाइएका सवारी खाल्डोमा परेर गम्भीर किसिमको दुर्घटना हुने खतरा बढेको ट्राफिक प्रहरीको भनाइ ।

त्यस्ता ठाउँमा रात्रिकालीन सवारीसाधन दुर्घटना हुने बढी जोखिम रहेको भन्दै सडकको पुनःनिर्माणमा ढिलाइ देखिएको भारदह निवासी बुदुर रामले गुनासो गर्नुभयो । पूर्व-पश्चिम राजमार्ग पुरानो भइसकेकाले पानी परिरहेका समयमा सवारी गुड्दा कालोपत्र उप्किने समस्या बढ्दै गएको उहाँले बताउनुभयो । पचास वर्षअघि राजमार्गमा बनाइएका पक्की पुलसमेत जीर्ण भएर पुलमासमेत ठुल्ठूला खाडल बनेको पाइएको छ

त्यस्तै जिल्लाको अन्य ठाउँमा मुख्य राजमार्गमा जीण सडक भएको र ती सडक समयमा मर्मत नहुँदा झन् समस्या गाडी चलाउन समस्या भइरहेको चालक बताउँछन् ।

# टेलिकमको मोबाइलमा समस्या, अनावश्यक एप हटाउन आग्रह

काठमाडौँ, १८ भदौ (रासस) ।

नेपाल टेलिकमको मोबाइल नम्बरमा समस्या देखिएको छ । विगत केही दिनदेखि टेलिकमका मोबाइल नम्बरमा विदेशबाट मिस्डकल आउने र कल गर्दा नबोल्ने, पैसा काटिनेजस्ता समस्या देखिएको टेलिकमले जनाएको छ ।

टेलिकमले बिहीबार एक सूचना जारी गर्दै सो समस्या आएकाले मोबाइल फोनमा भएका अनावश्यक र शङ्कास्पद एप हटाउन आग्रह गरेको हो । कम्पनीको मोबाइल सेवाका ग्राहकको मोबाइलबाट अटोडायल हुने, अटोडायल भएका ग्राहकको मोबाइलमा कललग नदेखिने र बाह्य कल सफल भएको अवस्थामा पैसा काटिनेजस्ता अवस्था पनि पाइएको छ ।

यस्ता घटना सम्भवतः ग्राहकको मोबाइलमा रहेका कुनै एप वा वेबसाइटका माध्यमबाट हुनसक्ने भएकाले कम्पनीका ग्राहक वर्गले आफ्नो मोबाइल सेटमा अनावश्यक र शङ्कास्पद एपहरू इन्स्टल नगर्न वा हटाउन टेलिकमले अनुरोध गरेको छ । सूचनामा भनिएको छ, “सामान्यतया कम्पनीका उपकरणबाट यस्ता अनधिकृत कल नहुने भए पनि कम्पनीका ग्राहक वर्गको सुविधाका लागि सम्भवतः कुनै एप तथा वेबसाइटमार्फत हुनसक्ने यस्ता अनधिकृत कार्यका सम्बन्धमा कम्पनीका तर्फबाट आवश्यक विश्लेषणको कार्य भइरहेको छ ।”

टेलिकमले अनधिकृत र अनावश्यक कलबाट बच्नका लागि सतर्क हुन आग्रह गर्दै उपलब्ध गराउने लकिङ कोडको प्रयोग गरी आवश्यक परेको समयमा आइएसडी सेवा खोली कल गर्ने र आवश्यक नहुने समयमा सो सेवा पुनः बन्द गर्न सकिने जनाएको छ ।

## पाँच महिनापछि ...

भक्तजनका लागि मन्दिर खुला गरिए पनि विदेशी पर्यटकका लागि भने पशुपति क्षेत्र विसं २०७६ चैतदेखि नै बन्द गरिएको छ । पशुपति क्षेत्रका सबै टिकट काउन्टर पनि त्यसै बेलादेखि बन्द छन् । पर्यटकको टिकटबाट कोषलाई प्राप्त हुने करोडौँ रुपैयाँ उठ्न छाडेको छ ।




नेपाल सरकार
विज्ञापन बोर्ड


# विश्व समाचार

## श्रीलङ्कामा खाद्यान्नको सङ्कट छैन : श्रीलका

कोलोम्बो, १८ भदौ (रासस/सिन्ह्वा) ।

श्रीलङ्कामा खाद्यान्नको सङ्कट भएको भनी प्रकाशित समाचारहरुप्रति यहाँको सरकारले खण्डन गरेको छ ।

श्रीलङ्काली सरकारले यहाँ खाद्यान्नको आपूर्ति नभएको र यहाँ अहिले नै खाद्य सङ्कटकालको घोषणा गर्नुपर्ने अवस्था पनि नरहेको बताएको हो ।

हालै मात्र यहाँका केही सञ्चारमाध्यमले यहाँ खाद्यान्नको अभाव भएको र श्रीलङ्काली सरकारले यहाँ खाद्य सङ्कट घोषणा गर्न लागेको बताएका थिए ।

तर पनि त्यस्तो अवस्था नरहेको यहाँको सरकारले जनाएको छ । यहाँका बजार तथा उद्योग विकासमन्त्री अजित निब्रद काबराललले यहाँ त्यस्तो अवस्था नरहेको र यस्तो घोषणा गर्नुपर्ने अवस्था पनि नआएको बताउनुभएको छ ।

उहाँले हाल यहाँ श्रीलङ्कामा नै उत्पादित चिनी र चामल उपलब्ध रहेको र यहाँको बजारमा कुनै पनि खाद्यान्नको अभाव भएको भनी कुनै रिपोर्ट सरकारलाई नआएको बताउनुभयो ।

## कोरोना सङ्क्रमणको दर अझ बढ्नसक्ने

लन्डन, १८ भदौ (रासस/सिन्ह्वा) ।

बेलायतका शिक्षामन्त्रीले बालबालिका विद्यालय जान लागेकाले यहाँको कोरोना सङ्क्रमणको दर अझ बढ्नसक्ने बताउनुभएको छ । शिक्षामन्त्री ग्याबिन विलियिमसनले सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभएको छ कि अहिले लन्डनमा केही मात्रामा भए पनि कोरोना भाइरसको सङ्क्रमणको अवस्था घटेको भए पनि आगामी हप्ता यहाँका विद्यालय खुल्ने भएका छन्

ती विद्यालय खुलेपछि सयौँ हजार बालबालिका विद्यालय जाने भएका छन् । यसबाट देशमा कोरोना भाइरसको सङ्क्रमणको दर बढ्नसक्ने देखिएको मन्त्री ग्याभिन विलियम्सले बताउनुभएको हो ।

उहाँले विद्यालय खुला भएपछि ती सबै विद्यालयका शिक्षक, बालबालिका तथा अरु कर्मचारीलाई पनि स्वास्थ्य जाँच गर्न आग्रह गरिएको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, “यसैकारणले हामीले बढी भन्दा बढी बालबालिका तथा नागरिकलाई कोरोना भाइरसको परीक्षण गराउन आग्रह गरिएको पहिलेका तुलनामा परीक्षणको कामलाई तीव्र बनाइएको छ ।”

## भारतमा दैनिक सङ्क्रमित भन्दा सङ्क्रमणमुक्त हुने थोरै

नयाँ दिल्ली, १८ भदौ (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या थोरै भएको छ ।

पछिल्लो २४ घण्टामा ४५ हजार ३५२ जना नयाँ सङ्क्रमित थपिएका छन् भने ३४ हजार ७९१ जना मात्रै सङ्क्रमणमुक्त भएका छन् ।

सोही अवधिमा ३६६ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । मृतकको सङ्ख्या अघिल्लो दिनको भन्दा थोरै हो । सङ्क्रमण सबैभन्दा धेरै केरला राज्यमा फैलिएको छ । देशभरीको बाँकी भागमा भन्दा केरला राज्यमा अत्यधिक धेरै रहेको देखिएको छ ।

सरकारी अधिकारीले दिएको पछिल्लो विवरणअनुसार केरलामा मात्रै पछिल्लो एक दिनमा ३२ हजार ९७ जना नयाँ सङ्क्रमित थपिएका छन् ।

भारतमा अहिलेसम्म चार लाख ३९ हजार ८९५ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने कूल सङ्क्रमितको सङ्ख्या तीन करोड २९ लाख तीन हजार २८९ पुगेको छ ।

ती मध्ये तीन लाख ९९ हजार ७७८ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या पनि दिनप्रतिदिन बढ्दै गएको छ ।

## नाइजेरियामा बोको हराम समूहका छ लडाकू मारिए

लागोस, १८ भदौ (रासस/सिन्ह्वा) ।

नाइजेरियाको सेनाले बिहीबार यहाँको विद्रोही समूहका कम्तीमा पनि छ जना लडाकूको ज्यान गएको बताएको छ ।

यहाँको पश्चिमी कुकावा क्षेत्रमा यहाँको विद्रोही आतंककारी समूह बोको हरामका कम्तीमा पनि छ जना लडाकू मारिएको नाइजेरियाको सेनाले जनाएको छ ।

सो क्षेत्रमा केही दिनदेखि ती आतंककारी समूहका लडाकूले हिंसा मच्चाइरहेको सूचनाको आधारमा यहाँको सेनाले गरेको कारबाहीमा परी ती लडाकू मारिएको बताएका छन् । नाइजेरियाका सेनाका प्रवक्ताले बिहीबार प्रकाशन गरेको विज्ञप्तिमा सो क्षेत्रमा नाइजेरियाको सेनाले बोको हराम विरुद्धमा कारबाही जारी राखेको पनि जानकारी दिएको छ ।

# अखिल क्रान्तिकारीको छिन्नमस्ता कमिटी गठन

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौं ।**

सप्तरीको छिन्नमस्ता गाउँपालीकास्थित सखडामा शुक्रबार अखिल (क्रान्तिकारी) को गाउँपालिका स्तरीय कमिटी गठन भएको छ ।

राजीव कुमार यादवको अध्यक्षतामा ३१ सदस्यीय गाउँपालिका स्तरिय कमिटि गठन भएको हो ।

गठित कमिटीको उपाध्यक्षमा विजय कुमार यादव, सचिवमा अनिल यादव, सह सचिवमा इन्द्रजित राय, कोषाध्यक्षमा सरस्वती कुमारी साह रहेका छन ।

यसै गरी सदस्यमा सरोज यादव, धर्मदेव यादव, सन्तोष यादव, रुपेश यादव, धिरज मण्डल, शत्रुधन यादव, करण यादव, आकाश झा, विजय कुमार मण्डल, विवेक शर्मा, आदित्य शर्मा, महेश यादव, दिलिप यादव, नितेश यादव रहेका छन ।

अखिल (क्रान्तिकारी) प्रदेश नं. २ का सहसंयोजक पुजन कुमार सिंहको प्रमुख आतिथ्य तथा राजीव कुमार यादवको अध्यक्षतामा सम्पन्न प्रथम सम्मेलनमा अखिल




(क्रान्किारी) का जिल्ला अध्यक्ष रञ्जित मण्डल, नेकपा (माओवादी केन्द्र) सप्तरी जिल्ला समन्बय समितिका सदस्यद्वय जय प्रकाश यादव, बैधनाथ यादव, कन्हैया मण्डल, रामदेव मुखिया, अर्जुन यादव, रञ्जित यादव लगायतको सहभागिता थियो ।

### बलान नदीले ...

सखुवानन्कारकट्टी गाँउपालिकाका अध्यक्ष केदारनाथ यादवले बताउनुभयो । यसको दीर्घकालीन समाधानको लागि प्रदेश र सङ्घीय सरकारलाई पटक पटक पत्राचार गरे पनि समस्याको दीर्घकालीन समाधान हुन नसकेको उहाँको गुनासो छ।

बलान नदीले लहान नगरपालिकाको-३, १७, १९ र २३ नं मा कटान गरिरहेको छ भने सखुवानन्कारकटी र भगवानपुर गाउँपालिकाका वडामासमेत तीव्र कटान गरिरहेकाले तत्काल रोकथामको व्यवस्था मिलाउनुपर्ने स्थानीयवासीले बताएका छन् । बलान नदीको बाढीले बर्सेनि लहान नगरपालिकाको २३, सखुवानन्कारकट्टी गाउँपालिकाको ४ र ५ तथा भगवानपुर गाउँपालिकाको २, ३, र ४ नं वडामा सयौं बिघा जमीन कटान गरी किसानलाई सुकुम्वासी बनाउँदै आएका छन् ।

# एमसीसी खारेजीको माग गर्दै प्रदर्शन

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ भदौं ।**

एमसीसी खारेजीको माग गर्दै शुक्रबार काठमाडौंस्थित अमेरिकी दूतावास अगाडि केही युवाहरुले प्रदर्शन गरेका छन् ।

'एमसीसी खारेज राष्ट्रिय अभियान'को नामबाट युवाहरु प्रदर्शनमा उत्रिएपछि प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको छ ।

अभियानका संयोजक निर्ग जैसी (नवीन)सहित १० जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

जैसी माओवादी केन्द्र सम्बद्ध अखिल क्रान्तिकारीका केन्द्रीय सदस्यसमेत हुन् । उनले आफ्नो नेतृत्वमा एक हजार एक जनाको 'एमसीसी खारेज राष्ट्रिय अभियान' गठन गरेको बताए ।








खडक नगरपालिकाको कार्यालय, सप्तरी



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

शम्भुनाथ नगरपालिकाको कार्यालय, सप्तरी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*